जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक ; प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलज्यूको अध्यक्षतामा आज मिति २०७८/०८/१३ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

अनुसन्धान अधिकृत, श्री बिरेन्द्र कुमार झा, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

सदस्य - उप सेनानी, श्री महेश मजकोटी, श्री शेर गण चोहर्वा, सिरहा

सदस्य - श्री डा. विनय प्रभाकर राई, सिरहा अस्पताल, सिरहा

**आमन्त्रित:**

समन्वय प्रमुख, श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

नगर प्रमुख – श्री श्रवण कुमार यादव, मिर्चैया नगरपालिकाको कार्यालय, सिरहा

प्रमुख प्रशासकीय अधिकृत – श्री डम्वरध्वज आङ्गदेम्वे, मिर्चैया नगरपालिकाको कार्यालय, सिरहा

प्रमुख, श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

नि.प्रमुख नापी अधिकृत, श्री दिपेन्द्र साह, नापी कार्यालय, सिरहा

कार्यालय प्रमुख, श्री विष्णु प्रसाद सिटौला, भूमि सुधार तथा मालपोत कार्यालय, सिरहा

कार्यालय प्रमुख - श्रीमती इन्दिरा देवी यादव, जिल्ला निर्वाचन कार्यालय, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

ब.का.स. श्रीदेव यादव , नेपाल रेडक्रस सोसाइटी, सिरहा जिल्ला शाखा, सिरहा

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक मिति २०७८/०८/१३ गते ।**

**बैठकको कारवाही एवम् निर्णय**

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/०८/०९ गतेको कोभिड – १९ विरुद्धको खोप सम्वन्धी भर्चुअल जुम बैठकमा (Meeting Id : 92196525247) जिल्लाको देहाय बमोजिमको अवस्था एवं अपेक्षा प्रस्तुतिकरण गरिएको अवगत भयो ।

क) कोभिड-१९ विरुद्धको खोपको प्रगति :

| अभियान मिति | खोपको नाम | प्राप्त डोज संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि ०७८ कार्तिक मसान्त सम्मको | कोभिसिल्ड | ४८१७० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ ०७८ कार्तिक मसान्त सम्मको | भेरो सेल | १३३,०१४ | ७१७७३ | ५०३८७ |
| २०७८ श्रावण १० गते देखि ०७८ अश्विन १२ सम्मको | Janssen | ३६,१०४ | ३६१०४ | |
| २०७८ भाद्र १६ देखि अश्विन सम्मको | Astrajenec a | ७९,४२७ | ५८४०४ | २१०२३ |
| २०७८ मंसिर ६ गते प्राप्त खोप | कोभिसिल्ड | ६०,००० | मंसिर १३ गते देखि अभियान संचालन हुने | |
| खोप लगाएका जम्मा संख्याः | | | १७०४६२ | ११४३२० |

ख) पौषमसान्तसम्म दुई तिहाई लक्षित जनसंख्यामा खोपको सुनिश्चित गर्न अपनाईने कार्यनीति :

- जिल्लाको १६४ वटा वडाहरुमा खोपकेन्द्र राख्ने ।
- कभरेज कम भएका वस्ति र दुर्गम भेगहरुमा थप खोप सेसन संचालन गर्ने ।
- सिरहा अस्पताल, लहान अस्पताल र मिर्चैया प्रा.स्वा.केन्द्रमा नियमित रुपमा खोप सेसन संचालन गर्ने ।

ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सँगको अपेक्षा:

- जिल्लामा खोप भण्डारण एवं कोल्ड चेन मेन्टेनकोलागि फ्रिज (ILR) ४ (चार) थान आवश्यक रहेकोमा माग गर्ने ।
- १२ – १८ वर्षका वालवालिको लागि फाईजर खोप माग गर्ने ।
- प्रयोग भएका सिरिन्ज डिसपोज गर्न आवश्यक हुने सेफ्टी वक्स माग गर्ने ।
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुले सिङ्गल डोजको Janssen खोपको माग गरिरहेकोले सो को आपुर्ति वा वैकल्पिक व्यवस्थाकालागि अनुरोध गर्ने ।

२. जिल्लामा हाल ८ जना सक्रिय संक्रमित होम आईसोलेसनमा रहेको व्यहोरा अवगत भयो ।

३. कोभिड-१९ सम्वन्धी विवरण अध्यावधिक गर्न Situation Center लाई स्वास्थ्य कार्यालयको संयोजकत्वमा स्वास्थ्य कार्यालयमा रहने गरी पुन सुचारु गर्ने र सोकोलागि हाल जिल्ला प्रहरी कार्यालयबाट १ जना र सशस्त्र प्रहरी बल नेपालबाट १ जना खटाउने ।

४. हालको DCMC मा स्वास्थ्य कार्यालयलाई सदस्य सचिवकोरुपमा राख्न CCMC मा अनुरोध गर्ने ।

५. विश्वका विभिन्न मुलुकहरुमा देखिएको कोभिड-१९ को नयाँ भेरिएन्ट (ओमनीक्रोन) नेपालमा समेत देखिन सक्ने हुनाले सवैले उच्च सतर्कता अपनाउने र यसकालागि सवै न.पा./गा.पा. मा अनुरोध गर्ने

६. शितलहरी पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ लाई २०७८ सालमा मा पनि सोही बमोजिम पुन कार्यान्वयनमा ल्याउने ।

२०७८।८।१३

प्रमुख जिल्ला अधिकारी